मुगुम कार्मारोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं ०७५/७६
च.नं ६८६

कर्णाली प्रदेश, नेपाल

मिति :- २०७६/०३/२२

## प्रेस विज्ञप्ति

यस गाउँपालिकाको चौंथो गाउँसभा २०७६ असार १० गते देखि सुरु भै २०७६ असार २१ गते सम्पन्न भएको छ | गाउँसभाबाट आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान तर्फको रु. ६,६३,००००० (अंक्षरुपी रु. छ करोड त्रिसट्ठी लाख मात्र), राजस्व बाँडफाँडबाट प्राप्तहुने रु. ५,१३,००००० (अक्षरुपी रु. पाँच करोड तेह्र लाख मात्र), शसर्त अनुदान तर्फ रु.९,०३,००००० (अक्षरुपी रु. नौ करोड तीन लाख मात्र) साथै कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ प्राप्तहुने रु. ९८,९७,००० (अक्षरुपी रु. अन्ठानब्ब्ये लाख सन्तानाब्ये लाख मात्र), राजस्व बाँडफाँडबाट प्राप्तहुने रु. १,६५,००० (अक्षरुपी रु. एक लाख पैंसट्ठी हजार मात्र), गत वर्षको अ. ल्या बाट रु. २,००००००० (अक्षरुपी रु. दुई करोड मात्र) र आन्तरिक श्रोत रु. ४०००००० (अक्षरुपी रु. चालिस लाख मात्र) सहित जम्मा रु. २४,१९,६२,००० (अक्षररुपी रु. चौबीस करोड उन्नाइस लाख बैसट्ठी हजार मात्र) को आय/व्यय विवरण स्वीकृत भएको छ |

चौंथो गाउँसभाले गाउँपालिका भित्र सडक निर्माण पूर्वाधारलाइ पहिलो प्राथमिकतामा राख्दै गाउँपालिका स्तरीय यातायात गुरुयोजना(RMTMP) तयार गर्ने भएको छ | चालु आ.व २०७५/०७६ देखि सुरुवात गरिएको गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रमलाइ निरन्तरता दिंदै आगामी आ.व २०७६/०७७ बाट उपाध्यक्ष महिला शसक्तिकरण कार्यक्रमलाइ संचालन गरिने भएको छ |

यार्सागुम्बा संकलनकर्ताको सामाजिक सुरक्षालाइ ध्यानमा राखी यार्सा-संकलक जीवन विमा योजना सुरु गरिने छ, साथै यार्सागुम्बालाइ पर्यटन संग जोड्न यार्सा-पर्यटनको नयाँ अबधारणा मार्फत यसको सम्भाव्यता अध्ययन गरिने छ | पर्यटन प्रवर्द्धन गर्न छायाँनाथ, मुगुगाउँ महोत्सब संचालन गरिने लगाएतका केहि दुरगामी महत्वका निर्णय हरु भएका छन | यसबर्षको यार्सागुम्बा संकलन कार्यमा प्रभावकारी व्यवस्थापन गर्ने संयोजक लगाएत सुरक्षा निकाय, सुरक्षाकर्मी र गाउँपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने प्रमुख प्रशासकीय अधिकृत लगाएतका कर्मचारी हरुलाइ प्रोत्साहन स्वरूप कदर-पत्र प्रदान गरिएको छ |

अन्त्यमा,

गाउँसभालाइ भब्य र सभ्य ढंगबाट सम्पन्नगर्न महत्वपूर्ण योगदान दिने गाउँसभा अध्यक्ष, प्रमुख अतिथि, संम्पूर्ण अथिति ज्युहरु, गाउँसभाका सदस्य ज्युहरु र गाउँपालिकाका सम्पूर्ण कर्मचारी हरुलाइ धन्यवाद दिने निर्णय भएको व्यहोरा सार्वजनिक गर्दछु |

कार्मा तामांग
प्रवक्ता

टेलीफोन नं: ०८७४६०२१५ ई -मेल :- ito.mugumkarmarongmun@gmail.com ,
वेब साइट:-www.mugumkarmarong.gov.np, फेसबुक:@mugumkarmarongmun, ट्वीटर :@mugumkarmarong

Scanned with CamScanner